नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: ९७४

मिति :२०७७/०८/१६

विषय: अनुदानको मल बिक्रि वितरण सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प.सं. ०७७/७८ च.नं.१२५ मिति २०७७/०८/१४ को पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम अनुदानको मल बिक्रि वितरण सम्बन्धी कार्य हुन आदेशानुसार अनुरोध छ ।

०७७/८/१६

चिरन्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौ
नेपाल

पत्र संख्या : ०७७/७८
च.नं. : १२५

मिति:२०७७/०८/१४

दर्ता नं. २४९२
मिति २०७७/८/१५

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौ ।

विषयः परिपत्र गरिदिने बारे ।

प्रस्तुत विषयमा अनुदानको मल आपूर्ति, तथा विक्री वितरणको कार्यलाई सहज, व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउनको अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७ कार्यान्वयनमा रहेको व्यहोरा सबैमा अवगत नै छ। यस निर्देशिकाको दफा ११ र दफा १५ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र आवश्यक अनुदानको मल बिक्रेताहरुको संख्या निर्धारण गर्ने, बिक्रेताहरुको निश्चित कार्यक्षेत्र तोक्ने (एकै स्थानमा एक भन्दा बढी बिक्रेतालाई कार्यक्षेत्र तोक्न पाइने छैन) र मल वितरक कम्पनीलाई बिक्रेता नियुक्तिको लागि सिफारिस गर्ने सम्बन्धी व्यवस्था गरिएको छ। मल बिक्रेता नियुक्ति सम्बन्धी सो कार्य समयमा सम्पन्न हुन नसक्दा कतिपय स्थानीय तहमा मल वितरण तथा व्यवस्थापनमा समस्या देखिएको छ।

उपरोक्त दफाहरुमा भएको व्यवस्था अनुसार प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र अनुदानको मल बिक्रि वितरण कार्य व्यवस्थित बनाउन आवश्यक मल बिक्रेताहरुको संख्या निर्धारण गर्ने, प्रत्येक बिक्रेताकोलागि निश्चित कार्यक्षेत्र समेत तोकी मल वितरक कम्पनी (कृषि सामाग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड)लाई बिक्रेता नियुक्तिको लागि सिफारिस गर्ने कार्य शीघ्र कार्यान्वयनको लागि आवश्यक निर्देशन सहित सबै स्थानीय तहलाई परिपत्र गरिदिनु हुन निर्णानुसार अनुरोध छ।

वोधार्थ
श्री स्थानीय तहहरु सबै ।
श्री कृषि सामाग्री कम्पनी लिमिटेड, कुलेश्वर, काठमाण्डौ।
श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, कालिमाटी, काठमाण्डौ।

विनोद कुँवर
बाली संरक्षण अधिकृत